नेपाल सरकार
ऊर्जा मन्त्रालय

# प्रेस विज्ञप्ति

मितिः २०६८।११।१७

मिति २०६८।११।१७ तद्अनुसार २०१२।०२।२९ का दिन ऊर्जा मन्त्रालयमा पश्चिम सेती जलविद्युत आयोजना (७५० मेगावाट) सार्वजनिक निजी साझेदारी अवधारणामा विकास गर्नका लागि ऊर्जा मन्त्रालय र चाइना थ्रिगोर्जेज इन्टरनेशनल कर्पोरेशनको बीच समझदारीपत्र (Memorandum of Understanding) मा ऊर्जा मन्त्री माननीय पोष्ट बहादुर बोगटी र नेपालका लागि चिनीयाँ राजदुत महामहिम श्री याङ्ग हो लानको उपस्थितिमा हस्ताक्षर भयो । ऊर्जा मन्त्रालयको तर्फबाट मन्त्रालयका सहसचिव श्री अर्जुनकुमार कार्की र चाइनिज कम्पनीको तर्फबाट कम्पनीका कार्यकारी उपाध्यक्ष श्री वाङ सावेफेङले हस्ताक्षर गर्नु भयो ।

**समझदारीपत्रमा उल्लेख भएको प्रमुख विषयहरुः**

१. सार्वजनिक निजी साझेदारी अवधारणामा Special Purpose Vehicle द्वारा नेपालको आन्तरिक खपतको लागि विकास गर्ने ।

२. Special Purpose Vehicle मा नेपाल विद्युत प्राधिकरणको न्यूनतम शेयर २५ प्रतिशत र चाइना थ्रिगोर्जेज इन्टरनेशनल कर्पोरेशनको अधिकतम शेयर ७५ प्रतिशत रहने ।

३. चाइना थ्रिगोर्जेज इन्टरनेशनल कर्पोरेशनको ७५ प्रतिशत शेयर मध्येबाट आयोजना स्थलका स्थानीय जनतालाई २ देखि ५ प्रतिशत शेयर छुट्याउने ।

४. चाइना थ्रिगोर्जेज इन्टरनेशनल कर्पोरेशनले नेपाली प्रवर्द्धकहरुलाई समावेश गर्न सक्ने ।

५. चाइना थ्रिगोर्जेज इन्टरनेशनल कर्पोरेशनले नेपाल विद्युत प्राधिकरणको इक्विटीको लागि आवश्यक पुँजी चाइनाको Exim Bank बाट सहुलियतपूर्ण ऋण प्राप्त गर्न सहयोग गर्ने । Exim Bank बाट प्राप्त ऋण अपुग भएमा चाइना थ्रिगोर्जेज इन्टरनेशनल कर्पोरेशनले बाँकी ऋण उपलब्ध गराउने ।

६. आयोजना निर्माणको लागि आवश्यक ऋण चाइना थ्रिगोर्जेज इन्टरनेशनल कर्पोरेशनले व्यवस्था गर्ने छ ।

७. आयोजना विकास गर्नका लागि वेस्ट सेती हाइड्रोपावर डेभलपमेन्ट लिमिटेड कम्पनी नामक Special Purpose Vehicle दर्ता गर्ने । उक्त कम्पनीलाई विद्युत ऐन, २०४९ बमोजिम अनुमतिपत्र प्रदान गर्ने ।

८. चाइना थ्रिगोर्जेज इन्टरनेशनल कर्पोरेशनले आफ्नै खर्चमा प्राविधिक, आर्थिक/वित्तीय, वातावरणीय/सामाजिक अध्ययन पुनरावलोकन गरी अद्यावधिक गर्ने ।

९. आयोजनाको विद्युत राष्ट्रिय प्रसारणमा जोड्न प्रसारण लाइन राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेडले अध्ययन र निर्माण गर्ने । उक्त प्रसारण लाइन निर्माण गर्न आवश्यक पुँजी चाइनाको Exim Bank बाट प्राप्त गर्ने काममा चाइना थ्रिगोर्जेज इन्टरनेशनल कर्पोरेशनले सहयोग गर्ने ।

१०. चाइना थ्रिगोर्जेज इन्टरनेशनल कर्पोरेशनले ऊर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी लागत निर्धारण गर्ने । निर्धारित लागतले आयोजनालाई आर्थिक रुपमा Viable नदेखाएमा नेपाल सरकारले सर्भेक्षण अनुमतिपत्र खारेज गर्ने ।

११. चाइना थ्रिगोर्जेज इन्टरनेशनल कर्पोरेशनले निर्धारित समय (अक्टुवर २०१४) मा Financial Closure सम्पन्न गर्न नसकेमा नेपाल सरकारले उत्पादन अनुमतिपत्र खारेज गर्ने ।

१२. पश्चिम सेती आयोजनाको अध्ययनहरु Special Purpose Vehicle ले प्रयोग गर्नेछ । Special Purpose Vehicle ले प्रयोग गरेको जतिको खर्च मूल्यांकन गरी नेपाल विद्युत प्राधिकरणको Equity मा समावेश गर्ने ।

१३. २०१४ जलाईमा ठेकेदार परिचालन आरम्भ हने छ र २०१९ डिसेम्बरमा आयोजनाको निर्माण सम्पन्न गर्ने ।

**(अर्जुनकुमार कार्की)**
सहसचिव एवम् प्रवक्ता